# आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७

पहिलो शंसोधन, २०७८ सहित

लिम्चुङबुङ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

बाराहा, उदयपुर

**१ नं. प्रदेश, नेपाल**

# आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि-२०७७

कार्यपालिकाको वैठकबाट स्वीकृत मिति : २०७७/३/६

## प्रस्तावना

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा ७० बमोजिम यस मरिण गाउपालिकाको स्थानीय संचित कोष बाट केहि रकम विनियोजन गरि आकस्मिक कोषको स्थापना गरिएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ तथा मरिण गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि यस गाउँपालिका भित्र वसोवास गरिरहेका अत्यन्त न्यून आर्थिक स्थिति भएका, द्बन्द पीडित, एकल महिला र सिमान्तकृत समुदायका मुटु, मृगौला, क्यान्सर, प्यारालाइसिस बाट पीडित दीर्घ रोगीहरु तथा मानव जीवनमा असर पार्नेगरी अप्रत्याशित कारणबाट अचानक रुपमा सृजना भएको विशेष परिस्थितिबाट पीडित व्यक्तिहरुलाई सहयोग पुर्याउन आकस्मिक कोष वाञ्छनिय भएकोले यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

### १. संक्षिप्त नाम र प्रारम्भ

१.१ यस कार्यविधिको नाम “आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७७” रहेको छ ।

१.२ यो कार्यविधि गाउकार्यपालिका बाट स्वीकृत भएको मिति बाट लागु हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. कार्यविधि भन्नाले “आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७७” भन्ने बुझ्नुपर्छ ।

ख. कोष भन्नाले आकस्मिक कोष भन्ने बुझ्नुपर्छ ।

ग. कार्यपालिका भन्नाले गाउकार्यपालिका भन्ने बुझ्नुपर्छ ।

घ. आकस्मिक कार्य भन्नाले मानवीय जीवनमा दीर्घ असर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्सर, प्यारालाइसिस जस्ता दीर्घरोग बाट पीडित एवम प्राकृतिक तथा गैरप्राकृतिक वा मानविय त्रुटीबाट शाररीक तथा मानसिक रुपमा पीडित, वौदिक अपाङ्गता, शारिरीक संतुलता गुमाएका व्यक्तिहरुको लागि तत्काल गरिने आकस्मिक कार्य वा सहयोग बुझ्नुपर्छ ।

### ३. कोष स्थापना

३.१ “आकस्मिक कोष संचालन तथा व्यवस्थापन कोष” नाम गरेको एक कोषको स्थापना हुनेछ ।

### ४. आकस्मिक कोषमा जम्मा गरिएको रकम

४.१ गाउपालिकाको संचित कोषबाट पहिलो पटक रु ............ झिकि त्यस्तो रकम आकस्मिक कोषमा जम्मा गरिएको छ ।

## परिच्छेद २
## कोषको अवधारणा, लक्ष्य, उद्देश्य र नीति

### ५. अवधारणा

लिम्चुङबुङ गाउँपालिकामा वसोवास गर्ने अत्यन्त न्यून आर्थिक स्थिति भएका, द्बन्द पीडित, एकल महिला र सिमान्तकृत समुदायका दीर्घरोगी लगायत अप्रत्याशित घटनाबाट अचानक रुपमा सृजना भएको विशेष परिस्थितिबाट पीडित व्यक्तिहरुलाई सहयोग पुर्याउनु नै कोषको अवधारणा हुनेछ ।

### ६. लक्ष्य

अत्यन्त न्यून आर्थिक स्थिति भएका, द्वन्द पीडित, एकल महिला र सिमान्तकृत समुदायका दीर्घ रोगीहरु र विशेष परिस्थितिबाट पीडित व्यक्तिहरुलाई तत्काल सहयोग उपलब्ध गराई मानविय क्षतिमा कमी ल्याउनुनै कोषको लक्ष्य रहेको छ ।

**७. उद्देश्य**

७.१ दीर्घ रोगीहरुलाई सहयोग उपलब्ध गराउने,

७.२ आकस्मिक वा अप्रत्याशित कारण बाट सृजना भएको विशेष परिस्थितिमा तत्काल आकस्मिक सहयोग गर्नु ,

**८. नीति**

८.१ गाउँपालिका भित्र वसोवास गरिरहेका अत्यन्त न्यून आर्थिक स्थिति भएका, द्वन्द पीडित, एकल महिला र सिमान्तकृत समुदायका दीर्घरोगी जस्तै मुटु, मृगौला, क्यान्सर, प्यारालाइसिस बाट पीडित तथा दीर्घ रोगीहरु तथा मानव जीवनमा असर पार्नेगरी अप्रत्याशित कारणबाट अचानक रुपमा सृजना भएको विशेष परिस्थितिबाट पीडित व्यक्तिहरुलाई सहयोग उपलब्ध गराउनु,

८.२ आकस्मिक परिस्थीतिमा सहयोग पुर्याउनु

## परिच्छेद ३
## आकस्मिक सहयोग मापदण्ड

समुह (क):

मुटूरोग:- **1.Congenital Heart Disease/Valvular Heart Diseases that requires surgery**

*[1] ~~**2. Congestive Heart Failure EF< 30%**~~

*[2] ~~**3. Myocardiac Infraction** जस्मा **PCI** वा **CABG** गरिएको छ वा चाहिने छ ।~~

**4. Pacemaker** राख्नुपर्ने मुटूरोग ।

**5. Heart Transplant** गर्नु पर्ने मुटूरोग ।

*[3] ~~**6. Pulmonary Hypertension, Aneurysm, Aortic Dissection requiring Surgery.**~~

(माथि २ नंबर द्वारा उल्लेखित बुँदाहरु पहिलो शंसोधन २०७८/५/३ ले हटाईएको)

मृगौला रोग:-

1. **Kidney transplant** गर्नु पर्ने **chronic Kindney disease**

**कलेजो रोग** :

1. **Liver transplant** गर्नुपर्ने **chronic liver sesease**

समुह (क) अन्तर्गत उपचार सहयोग रकम रु . १०००००।- (अक्षरुपी एक लाख रुपैंया) कायम गर्ने

पक्षघाट (**Paralysis**) :-

१. **Quadriplegia/Paresis – चारवटै हातखुट्टा नचल्ने वा कम चल्ने अवस्था ।**

२. **Hemiplegia/Paresis- एउटा हात एउटा खुट्टा नचल्ने वा कम चल्ने अवस्था।**

३. **Diplegi/Paresis - दुईवटा खुट्टा वा दुई वटै हात नचल्ने वा कम चल्ने अवस्था।**

४. **Paraplegia - कम्मरमुनिको भाग नचल्ने अवस्था।**

**नोट** : (माठि उल्लेखित *[1], *[2], *[3] पहिलो शंसोधन २०७८ ले हटाईएको)

समुह (ख):

१. **DKD not requiring Dialysis/Kidney Transplant**
२. **Dialysis** चाहिने **AKI**
३. **Nephrotic/ Nepthritic Syndrome >= 3 recurrence**

समुह (ग):

१. **Valvular / congenital heart disease not requiring surgery.**
२. **Myocardial Infarction on medication and followup.**
३. **Arrhythmias on Antiarrhythmic Medication.**
४. **Monoplegia/paresis : एउटा हात वा एउटा खुट्टा नचल्ने वा कम चल्ने अवस्था ।**

उपरोक्त समुहमा पर्ने बिरामीहरुलाई उपचार सहयोग देहाय बमोजिम प्रदान गरिनेछः-

१. समुह (क) मा पर्ने बिरामीहरुलाई उपचार खर्च रु १५,०००/- प्रदान गरिनेछ।
२. समुह (ख) मा पर्ने बिरामिहरुलाई उपचार खर्च रु १०,०००/- प्रदान गरिनेछ ।
३. समुह (ग) मा पर्ने बिरामिहरुलाई उपचार खर्च रु ५,०००/- प्रदान गरिनेछ ।

**आवश्यक कागजातहरु :**

१। रोग प्रमाणित हुने कागजातहरु (अस्पतालका opd report, औषधी वितरण आदि)
२। गाउँपालिकाको स्वास्थ्य शाखाबाट रोग प्रमाणित
३। सम्बन्धित वडाको सिफारिस,
४। विरामीको निवदेन पत्र ।

## परिच्छेद ४
## कोषको व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था

### ९. कोषको व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था

९.१ कोषको लक्ष्य तथा उद्देश्यहरु प्राप्तीको लागी लिम्चुङबुङ गाउपालिका गाउकार्यपालिका स्वयम् व्यवस्थापन गर्नेछ ।

९.२ अप्रत्याशित घटनाबाट अचानक रुपमा सृजना भएको विशेष परिस्थितिबाट पीडित व्यक्तिहरुलाई, वौदिक अपाङ्गता, शारिरीक संतुलता गुमाएका व्यक्ति एवम परोपकारी तथा नाफा रहित उदेश्यले स्थापित संघ संस्थाहरुलाई सहयोग गर्नु पर्ने भएमा विशेष परिस्थिति मानि कार्यपालिकाको निर्णय अनुसार कोष बाट रकम खर्च गर्न सकिने छ ।

९.३ बुदा नं. २ (घ) मा परिभाषित आकस्मिक कार्य बाहेक अन्य प्रयोजनका लागि यस कोष बाट रकम खर्च गर्न सकिने छैन ।

९.४ परिच्छेद ३ मा उल्लेख गरिएको विरामी बाहेको हकमा : रोगको प्रकृति/दलित तथा विरामीको आर्थिक स्थिति न्युन भएको प्रमाणको आधारमा कार्यपालिकाको निर्णय अनुसार अधिकतम रु. १०,०००।- सम्म उपचार खर्च प्रदान गरिनेछ ।

## परिच्छेद ५
## कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था

### १०. कोषको वित्तिय व्यवस्थापन

१०.१ कोषमा देहायका रकमहरु रहने छन् :

क) गाउसभा बाट आकस्मिक कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

ख) दातृ निकाय, गैर सरकारी संस्था, संघिय सरकार, प्रदेश सरकार, अन्य स्रोतहरु बाट कोषलाई प्राप्त हुने रकम ,

**११. कोषको आर्थिक व्यवस्था :**

कोषको आर्थिक व्यवस्थापन स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत तथा लेखा प्रशासन प्रमुखको संयुक्त साझेदारीमा गरिनेछ ।

**१२. प्रशासनिक व्यवस्था :**

कोषको प्रशासनिक तथा आर्थिक कारोवार गाउँ कार्यपालिकाको कर्मचारी बाट नै संचालन गरिनेछ ।

## परिच्छेद ६
## विविध

**१३. आकस्मिक कोषको रकम बृद्धि गर्न सक्ने**

गाउपालिकाले गाउसभा बाट स्वीकृत गराइ आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार बृद्धि गराउन सक्नेछ ।

**१४. जाँच पास तथा फरफारक**

कोष बाट खर्च भएको रकमको जाँच पास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।

**१५. कार्यविधिको संशोधन**

यस कार्यविधिलाई गाउकार्यपालिकाले आवश्यक देखेमा संशोधन गर्नेछ ।

**१६. बचाउ र खारेजी**

क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन सँग बाझिन गएमा बाझिएको हकमा स्वत खारेज भएको मानिनेछ ।

ख) कुनै कारण बाट कोष संचालन हुन नसकेमा गाउकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।

ग) कोष खारेज भएमा कोषमा रहेको सम्पत्ति तथा दायित्व गाउकार्यपालिकाको कार्यालयमा स्वत सर्नेछ ।